# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २३५ | बुटवल | २०८३ भदौ २२ गते, सोमबार | नेपाल संवत ११४६ | Monday September 07, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


एसीसी प्रिमियर कप :

## नेपाल सेमिफाइनलमा



बुटवल । साउदी अरेबियालाई ५ विकेटले हराउँदै नेपाली राष्ट्रिय क्रिकेट टोलीले एसीसी प्रिमियर कपमा लगातार तेस्रो जित दर्ता गरेको छ।

लगातार जितसँगै नेपाली टोली एक खेल अगावै सेमिफाइनलमा स्थान बनाएको छ। जितसँगै नेपालले ३ खेलबाट ६ अंक जोड्दै समूह 'ए'को शीर्ष स्थानमा उक्लिएको छ । समूह चरणको अन्तिम खेलमा नेपालले मंगलबार हङकङसँग खेल्नेछ।

नेपालले समूह चरणको पहिलो खेलमा बहराइनलाई ७ विकेटले तथा दोस्रो खेलमा मलेसियालाई ६ विकेटले हराएको थियो। आइतबार साउदी अरेबियाले दिएको १ सय ९१ रनको लक्ष्य नेपाली टोलीले ४१ ओभरमा ५ विकेटको क्षतिमा भेट्टायो । नेपालका लागि गुल्सन झा ४४ र रोहित पौडेल २४ रनमा अविजित रहे। गुल्सनले ३५ बलमा ३ चौका र ३ छक्का हाने। रोहितले ३७ बलमा २ चौका प्रहार गरे। ईशान पाण्डेले ५९ बलमा २ चौका सहयोगमा ४० रन बनाए। देव खनालले ३९ रनको योगदान दिए। उनले ५८ बलमा १ चौका र १ छक्का प्रहार गरे । ओपनर अर्जुन कुमाल १५ र आशिफ शेख २० रन बनाउँदा क्याच आउट भए।

त्यसअघि मलेसियाको वायोमास ओभलमा टस जितेर ब्याटिङ गरेको साउदी अरेबियाले ४९.२ ओभरमा १ सय ९० रन बनाउँदा अलआउट भयो। साउदीका लागि ओपनर अब्दुल वाहिद अब्दुल गफरले सर्वाधिक ७७ रनको योगदान दिए। ८९ बलमा १० चौका र २ छक्का प्रहार गरेका उनी ललित राजवंशीको बलमा एलबीडब्लु धरापमा परे।

मुहम्मद आतिफले ३० र मोहम्मद हिसाम शेखले २८ थपे। मुहम्मद सकिबले १४, जैनूल अबिदिनले १२ र इस्तियाक अहमदले १० रन बनाए।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले ३ विकेट लिए। उनले आफ्नो स्पेलमा २ मेडन राख्दै १९ रन खर्चे। दीपेन्द्र सिंह ऐरीले ९.२ ओभरमा ४३ रन दिएर ३ विकेट लिए। ललित राजवंशीले २ तथा शेर मल्ल र गुल्सन झाले समान १ विकेट आफ्नो नाममा गरे।

## किन बढ्यो रास्वपामा असन्तुष्टि ?

बुटवल। भोटेकोसी-त्रिशुली बाढी प्रभावित क्षेत्रमा अनावश्यक रूपमा खटिएका नेता तथा सांसदहरूलाई फिर्ता बोलाएपछि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा असन्तुष्टि बढेको छ। भदौ १० गते आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ, खोरखा र तनहुँ जिल्लाको तटीय क्षेत्रमा ठुलो मात्रामा जनधनको क्षति भएको थियो।

बाढी लगत्तै प्रभावित क्षेत्रमा पुगेका रास्वपा सांसदहरूले उद्धार काममा अनावश्यक हस्तक्षेप गरेको, पीडित जनतालाई राहत दिनेगरी काम गर्नेभन्दा पनि मिडियाबाजी गरेको गुनासो तथा उजुरी आएपछि उनीहरूलाई फिर्ता आउन पार्टीले निर्देशन दिएको थियो। पार्टीको निर्देशनप्रति सचिवालय सदस्य सागर ढकाल र सांसद श्रीराम न्यौपानेले तीव्र असन्तुष्टि जनाएका छन्।

प्रतिनिधिसभा सदस्यसमेत रहेका ढकाल र न्यौपाने भदौ १० गते नै खोजी, उद्धारको सिलसिलामा नुवाकोट-रसुवा पुगेका थिए। यी दुवै जना इञ्जिनियरिङ पृष्ठभूमिका भएकाले उनीहरू त्रिशूली-३ ए जलविद्युत् आयोजनाको सुरुङभित्र फसेकाहरूको उद्धारमा दिनरात खटिएका थिए। अहोरात्र उद्धार कार्यमा सक्रिय रहँदा पनि पार्टीले फिर्ता बोलाएपछि ढकाल र न्यौपानेले नेतृत्वप्रति असन्तुष्टि पोखेका छन्। उनीहरू दुवै जना अहिले स्थलमार्ग हुँदै काठमाडौं फर्किसकेका छन्।

'मानवीय हिसाबले आंशिक सफल भए पनि इञ्जिनियरिङ हिसाबले विशुद्ध नेपालीको बलमा ठुलो सफलता देशले प्राप्त गरेको छ। फिल्डमा सबैको सहयोग थियो, सहकार्य थियो, तर मिडियामा यति नकारात्मकता फैलाइयो कि काम गर्न केही हदसम्म डिस्टर्ब भयो। सिनियर पार्टी लिडर शुद्ध मिडियाकै लहैलहैमा लाग्नु पऱ्यो।'-असन्तुष्टि पोख्दै ढकालले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

यता लामो समय सुरुङसम्बन्धी काम गरेका न्यौपानेले पार्टीको निर्णय नसच्याइए पदबाट राजीनामा दिनेसम्मको धम्की दिएपछि संसदीय दलका उपनेता तथा खोजी, उद्धार तथा राहत परिचालन संयन्त्रका संयोजक गणेश पराजुलीले प्रष्टीकरण दिएका छन्।

एक विज्ञप्तिमार्फत् पराजुलीले पार्टीको कुनै पनि तहबाट विपद् प्रभावित क्षेत्रमा खटिएका कुनै व्यक्ति विशेषलाई लक्षित गरी फिर्ता बोलाउने औपचारिक निर्णय नभएको जिकिर गरे। 'केन्द्रीय समिति, सचिवालय वा पार्टीको कुनै पनि तहबाट विपद् प्रभावित क्षेत्रमा खटिनुभएका कुनै व्यक्ति विशेषलाई लक्षित गरी फिर्ता बोलाउने कुनै औपचारिक निर्णय वा निर्देशन भएको छैन। यस सम्बन्धमा सार्वजनिक रूपमा उत्पन्न भएको भ्रमलाई स्पष्ट पार्न चाहन्छु।'-उनले लेखेका छन्।

विपदको यस संवेदनशील घडीमा पार्टीका साधारण सदस्यदेखि नेतृत्व तहसम्म सबैको भूमिका राज्यका खोज, उद्धार तथा राहत कार्यलाई थप प्रभावकारी, व्यवस्थित र सहयोगी बनाउने हुनुपर्छ भन्नेमा पार्टीको नीति र निर्देशन सुरुदेखि नै स्पष्ट रहेको पराजुलीको भनाइ छ।

थप प्रष्टीकरण दिँदै पराजुलीले भनेका छन्-'सञ्चारकर्मी साथीहरूसँगको संवादका क्रममा माननीय सागर ढकाल र श्रीराम न्यौपाने दुई जना उद्धार कार्यमा खटिरहेको हकमा मैले व्यक्त गरेको आशय पनि फिल्डमा हामी कसैको उपस्थितिले राज्यका सुरक्षा निकाय तथा उद्धार संयन्त्रको कार्यसम्पादनमा व्यवधान नपुगोस् र जहाँ जसको सीप, दक्षता तथा विशेषज्ञता आवश्यक छ, त्यहाँ त्यसको अधिकतम उपयोग होस् भन्नेमात्र हो। उक्त अभिव्यक्तिलाई फरक सन्दर्भ वा अर्थमा बुझिँदा वा पार्टीबाट कुनै औपचारिक निर्णय भएको जस्तो गरी समाचार सम्प्रेषण हुँदा भ्रम सिर्जना हुन गएकोप्रति मेरो ध्यानाकर्षण भएको छ।'

वास्तवमा विपद् प्रभावित क्षेत्रमा विभिन्न सिप, दक्षता र विशेषज्ञतासहित खटिएकाहरूको योगदानले खोज तथा उद्धार कार्यमा सहयोग पुगेको र यस्तो योगदानको पार्टीले सम्मान गर्ने उनले स्पष्ट पारे।

» बाँकी ३ पेजमा

बाढी प्रभावित क्षेत्रका सांसदको गुनासो :

# सरकारले समयमै निर्णय नगर्दा धेरैले ज्यान गुमाए

लुम्बिनी संवाददाता

*बुटवल*



नेपाली कांग्रेसका नेताहरूले भोटेकोशी बाढीले रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा अभूतपूर्व क्षति पुऱ्याए पनि त्यस घटनापछि गर्नुपर्ने उद्धार, राहत र पुनर्निर्माणको काममा सरकार सुस्त रहेको बताएका छन्।

पार्टी केन्द्रीय कार्यालय सानेपामा जारी पार्टीको कार्यसम्पादन समिति बैठकमा रसुवाका सांसद मोहन आचार्य, नुवाकोटका नेताहरू अर्जुननरसिंह केसी र बहादुरसिंह लामा तथा विज्ञ नेता डा.गोविन्द पोखरेलले भोटेकोशी बाढीबाट सिर्जित विनाश र त्यसपछिको राहत तथा पुनर्निर्माणका सरकारले काम गर्न नसकेको बताएका हुन्।

बैठकमा रसुवा र नुवाकोटका जनप्रतिनिधि तथा विज्ञ नेताहरूले बाढीले पुऱ्याएको क्षति, सरकारको सुस्तता र पार्टीको आगामी रणनीतिकाबारे छलफल भइरहेको छ । नेताहरूले बाढीपछिको वस्तुस्थितिबारे जानकारी गराउँदै सरकारलाई प्रभावकारी कदम चाल्न आग्रह गरेका छन्।

रसुवाका प्रतिनिधिसभा सदस्य आचार्यले भदौ १० गतेको बाढीले रसुवाको अर्थतन्त्रको मेरुदण्ड मानिने जलविद्युत्, पर्यटन र रसुवागढी नाकालाई क्षतविक्षत बनाएको बताए। उनले भने-'रसुवा रोइरहेको छ। रसुवागढी नाका र आसपासका गाउँहरू सखाप भएका छन्।'

आचार्यका अनुसार रसुवाका करिब २,२०० विस्थापितहरू अहिले काठमाडौंमा शरण लिइरहेका छन् । उनले टनेलमा फसेकाहरूको उद्धारका लागि आवश्यक उपकरण नभएको भन्दै सुरुमै अन्तर्राष्ट्रिय उद्धार टोली नबोलाउनु सरकारको कमजोरी भएको औंल्याए। साथै, अब बन्ने पूर्वाधारहरू डिजास्टर फ्रेन्डली हुनुपर्ने बताए।

सांसद आचार्यले विपद्को प्रारम्भिक चरणमा टनेल (सुरुङ) रेस्क्युका लागि आवश्यक प्राविधिक उपकरण र जनशक्ति नहुँदा उद्धार कार्य प्रभावकारी हुन नसकेको बताए । जिल्ला विपद व्यवस्थापन समितिले अन्तर्राष्ट्रिय उद्धार टोली मगाउन सरकारलाई अनुरोध गरे पनि समयमै निर्णय हुन नसक्दा ठुलो मानवीय क्षति भएको उनको दाबी छ।

सुरक्षाकर्मीले सीमित स्रोतसाधनकाबिच प्रशंसनीय काम गरे पनि शुरुवाती दिनमै सही निर्णय भएको भए थप नागरिकको ज्यान बचाउन सकिने उनले उल्लेख गरे। बाढी र पहिरोका कारण विस्थापित रसुवाका २२ सयभन्दा बढी नागरिक हाल काठमाडौंका विभिन्न गुम्बा र पार्टी प्यालेसमा आश्रय लिइरहेको जानकारी दिँदै उनले उनीहरूको उचित पुनर्स्थापनाका लागि सरकारसँग पहल गर्न नेतृत्वलाई आग्रह गरे।

सांसद आचार्यले विपदले निम्त्याएको सामाजिक समस्याप्रति पनि चिन्ता व्यक्त गरे। रसुवाका कतिपय घरमा अभिभावक बेपत्ता भएका र बालबालिकाहरू मात्र बाँकी रहेको अवस्था छ। बैंकबाट ऋण लिएर व्यवसाय गरेका अभिभावकहरू गुमेपछि ती बालबालिकाको भविष्य र ऋणको भारबारे सरकारले सोच्नुपर्ने उनको भनाइ छ।

विपदको प्रकृतिबारे चर्चा गर्दै उनले भने-'२०७२ सालको भूकम्पमा भौतिक संरचना मात्र भत्किएका थिए, तर अहिलेको बाढीले जमिन र घर दुवै बगाएको छ। अहिले एयरलिफ्ट (हवाई मार्ग) बाहेक राहत र औषधि पठाउने अर्को विकल्प छैन। जापानको मोडलमा जस्तै अबका पूर्वाधारहरू हिमाली र पहाडी भूगोल सुहाउँदो एवं विपद् थेग्न सक्ने गरी डिजाइन गरिनुपर्छ।'

नेता हर्जुन नरसिंह केसीले बाढी र पहिरोका कारण १२ सयभन्दा बढीको मृत्यु भएको र १० हजारभन्दा बढी बेपत्ता भएको तथ्याङ्क प्रस्तुत गर्दै यसलाई हिमालयन सुनामीको संज्ञा दिए। उनले सरकारले विदेशी उद्धार टोलीको सहयोग लिन इन्कार गरेर अहङ्कार व्यवहार देखाएको आरोप लगाए। केसीले विपद व्यवस्थापन र पुनर्निर्माणका लागि संसद्‌को उच्चस्तरीय समिति र सर्वदलीय संयन्त्र बनाउन माग गरे। पूर्वसूचना प्रणालीको अभावले क्षति बढेको उनको ठम्याइ छ । सहमहामन्त्री लामाले बाढीले ४१ वटा पुल बगाउँदा नुवाकोटको सम्पर्क राजधानीसँग विच्छेद भएको बताए।

'२७ मिनेटमा पुगिने घर पुग्न अहिले ११ घण्टा लाग्ने भएको छ।'-उनले भने । लामाले सुरुङभित्र अझै धेरै शवहरू रहेको र उद्धार हुन नसकेको दुःखद अवस्था सुनाए। उनले तत्कालका लागि बेलीब्रिज र तुइनको व्यवस्था गर्नुपर्ने तथा प्रभावित बालबालिकाको शिक्षाका लागि विद्यालय पुनर्निर्माणलाई प्राथमिकता दिनुपर्ने बताए।

केन्द्रीय सदस्य एवं विज्ञ डा. पोखरेलले राज्य र पीडितबिचको सम्बन्ध टुटिरहेको टिप्पणी गरे। उनले बेपत्ता भएका व्यक्तिहरूलाई मृत घोषणा गर्न विद्यमान १२ वर्षे कानुनी प्रावधानले बिमा र राहत पाउन समस्या हुने भएकाले विशेष व्यवस्था गर्नुपर्ने बताए। डा. पोखरेलले बिल्ड ब्याक बेटर सिद्धान्तअनुसार पुनर्निर्माण गर्नुपर्ने र छिमेकी देशहरूसँग मिलेर पूर्वसूचना प्रणाली विकास गर्नुपर्ने सुझाव दिए।

बैठकले बाढी प्रभावित क्षेत्रको क्षतिको विस्तृत विवरण सङ्कलन गरी पुनर्निर्माणका लागि ठोस योजना सरकारलाई बुझाउने निर्णय समेत गरेको छ। हाल रसुवाका १२ वटा वडा सडक सञ्जालबाट पूर्णरूपमा विच्छेद भएका छन्।

ढुवानीका मार्गहरू अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तु र औषधिको आपूर्तिमा समस्या देखिएको छ । विद्युत् सेवा अवरुद्ध हुँदा विशेष गरी अक्सिजनको सहायता चाहिने बिरामी मारमा परेको र अझै पनि कतिपय दुर्गम क्षेत्रमा विद्युत् र सञ्चार सेवा सुचारु हुन नसकेको उनले बताए।

» बाँकी ३ पेजमा

## तथ्य, प्रमाणसहित प्रस्तुत हुन प्रधानमन्त्रीलाई गगनको सुझाव

बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आगामी संयुक्त राष्ट्रसंघको महासभामा तथ्य, प्रमाण र वैज्ञानिक दाबीसहित प्रस्तुत हुन प्रधानमन्त्री बालेन्द्र साहलाई सुझाव दिएका छन्।

आइतबार सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा आयोजित केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा बोल्दै सभापति थापाले प्रधानमन्त्रीको आसन्न विदेश भ्रमणलाई केवल औपचारिकता र 'ग्रान्ड शो' मा मात्र सीमित नगर्न आग्रह गरेका हुन्।

विदेश भ्रमणको तयारीका लागि उनले प्रधानमन्त्रीलाई आफ्नै सचिवालयको मात्र भर नपरी विज्ञहरू, विश्वविद्यालयका अनुसन्धानकर्ता र सम्बन्धित क्षेत्रका विशेषज्ञहरूसँग व्यापक परामर्श गर्न सुझाव दिएका छन्।

थापाले नेपालले जलवायु परिवर्तनका कारण भोग्नुपरेका समस्याहरूलाई विश्व मञ्चमा सशक्त ढंगले उठाउनुपर्ने बताए। रसुवाको भोटेकोसीमा आएको विनाशकारी बाढीजस्ता प्राकृतिक विपत्तिहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै उनले न्यून हरितगृह ग्यास उत्सर्जनका बाबजुद नेपालले भोग्नुपरेको क्षतिलाई वैज्ञानिक प्रमाणका साथ अन्तर्राष्ट्रिय समुदायमा लैजानुपर्नेमा जोड दिए।

» बाँकी ३ पेजमा

## पाल्पामा यो वर्ष मात्रै २३१ जनामा डेंगु संक्रमण




पाल्पा । पाल्पामा यो आर्थिक वर्ष मात्रै २३१ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। स्वास्थ्य कार्यालय पाल्पाका अनुसार आर्थिक वर्ष २०८३/८४ को साउन र भदौ महिनाको २० गतेसम्ममा २३१ जनामा संक्रमण पुष्टि भएको हो।

यो तथ्यांक लुम्बिनी प्रदेशका जिल्लामध्ये सबैभन्दा धेरै हो । यो आर्थिक वर्ष सुरु भएदेखिको परीक्षणको दर हेर्दा लुम्बिनी प्रदेशका १२ जिल्लामा सबैभन्दा धेरै पाल्पाबाट रिपोर्टिङ्ग भएको स्वास्थ्य कार्यालय पाल्पाका सूचना अधिकारी मधुसुदन भट्टराईले जानकारी दिए।

जिल्लाका चारवटा अस्पतालमा भएको परीक्षणमा डेंगुका बिरामी देखिने क्रम बढेका हुन्। पाल्पा अस्पताल तानसेन, रामपुर अस्पताल रामपुर, लुम्बिनी मेडिकल कलेज प्रभास र युनाइटेड मिसन अस्पताल तानसेनमा उपचारका लागि पुगेका बिरामीलाई गरिएको परीक्षणमा डेंगु संक्रमण पुष्टि भएको पाइएको सूचना अधिकारी भट्टराईले जानकारी दिए।

जिल्लाका अन्य स्वास्थ्य संस्था र निजी मेडिकलहरुमा समेत डेंगुका बिरामीहरु देखिने क्रम बढ्दो क्रममा रहेको सूचना अधिकारी भट्टराईले बताए। जलवायु परिवर्तन, परीक्षणको दायरामा वृद्धि भएपछि जिल्लामा संक्रमितको संख्या बढेको हो।

यस्तै जिल्लाका दुई ठूला निजी अस्पतालमा बाहिरी जिल्लाबाट उपचारका लागि आउने बिरामीमा समेत धेरै संक्रमण देखिएको हुँदा लुम्बिनी प्रदेशमै धेरै संख्यामा संक्रमित पहुने जिल्ला पाल्पा बनेको हो।

पाल्पामा अघिल्लो आर्थिक वर्ष २०८२/०८३ मा ४३२ जना २०८१/०८२ मा ५१० जना, २०८०/८१ मा ६८६ जनामा संक्रमण पुष्टि भएको थियो।

» बाँकी ३ पेजमा


सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित

विश्वसनीय समाचारको
विश्वासिलो साथी

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com

स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका

निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित।



स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा।

निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता।

जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक।

तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईँको भरोसा, हाम्रो प्रतिबद्धता

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार | गहन विश्लेषण र अनुसन्धान | समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद | फोटो समाचार र विशेष रिपोर्ट | विचार, सम्पादकीय र साहित्य

सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# व्यवसाय पुनरूत्थानको प्याकेज

भोटेकोसी बाढीबाट पीडित भएका व्यवसायको पुनःस्थापना तथा पुनरुत्थानका लागि सरकारले विशेष प्याकेज घोषणा गरेको छ। सरकारले विनाशकारी बाढीका कारण प्रभावित उद्योग, व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिलाई राहत, कर छुट, सहुलियत तथा सुविधा प्रदान गर्ने निर्णय गरेर सकारात्मक पहलकदमी लिएको छ। व्यवसायको पुनःस्थापना हुन नसक्दाको अवस्थामा त्यसको असर स्वंय व्यक्तिलाई मात्रै नभई समग्रमा मुलुकलाई नै पर्ने भएकाले पुनरुत्थानको प्याकेज अघि बढाउनु आवश्यक छ।

बाढी प्रभावितको उद्धार, राहत र पुनःस्थापनाले मात्रै जनजीवन स्वभाविक गतिमा अघि बढ्छ। विस्थापित व्यवसायलाई पुनःस्थापना गर्न सक्दा मुलुक आर्थिक संकटतिर होइन्, गतिशिलतातर्फ अघि बढ्छ। चलायमान र गतिशिल अर्थतन्त्रले मात्रै विपतले थिलोथिलो भएको मुलुकलाई अघि बढाउन सघाउ पुर्‍याउँछ। बाढीका कारण मर्मतसम्भार हुन नसक्ने गरी क्षतिग्रस्त बनेका वा बाढीले बगाई हराएका व्यावसायिक प्रयोजनका सवारी तथा ढुवानीका साधनको दर्ता खारेज गरी त्यस्तै किसिमका सवारी तथा ढुवानीका साधन पुनः आयात गर्न चाहे भन्सार विभागले भन्सार विन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट प्रदान गर्ने र बाढीका कारण कुनै प्राकृतिक व्यक्ति वा निकायको प्लान्ट, मेसिनरी, यन्त्र तथा उपकरण मर्मतसुधार हुन नसक्ने गरी नष्ट भए त्यस्ता प्राकृतिक व्यक्ति वा निकायले नष्ट भएको प्रकृतिका प्लान्ट, मेसिनरी, यन्त्र तथा उपकरण नष्ट भएको परिमाणमा नबढ्ने गरी पैठारी गरे त्यस्ता प्लान्ट, मेसिनरी, यन्त्र तथा उपकरणको आयातमा भन्सार विन्दुमा लाग्ने सम्पूर्ण महसुल छुट प्रदान गर्ने निर्णयले व्यवसाय पुनःस्थापनाको बाटो खोलेको छ। कुनै आयातकर्ताले भन्सार कार्यालयमा महसुल बुझाइसकेको, तर बाढीका कारण गन्तव्यमा नपुग्दै त्यस्तो वस्तु नष्ट भएकामा सोही प्रकृतिको वस्तु ६ महिनाभित्र जुनसुकै भन्सार कार्यालयबाट आयात गरे पुनः भन्सार तिर्नु नपर्ने सुविधा पनि व्यवसाय पुनःस्थापनाको महत्वपूर्ण आधार हो।

बाढी प्रभावितको ऋण तथा ब्याज सहुलियत सम्बन्धमा नेपाल राष्ट्र बैंकले विभिन्न सुविधा दिने निर्णय पनि सरकारले गरेको छ। जसअनुसार रसुवा भन्सारबाट भित्रिने गरी पैठारी गरिएका वस्तुको क्षति यकिन गरी सोसँग सम्बन्धित कर्जा भुक्तानीका लागि ऋणीको अनुरोधमा व्यवसाय र वस्तुको प्रकृति, क्षति, बिमा दाबी आदिका आधारमा कर्जा पुनःसंरचना/पुनर्तालिकीकरण र सावाँव्याजको भुक्तानी म्याद सार्ने सुविधा बैंक तथा वित्तीय संस्थाले दिनुपर्नेछ। यसका लागि राष्ट्र बैंकले नीतिगत व्यवस्था गर्नेछ। बाढीका कारण प्रभावित ऋणीलाई बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको सावाँ र व्याज भुक्तानीका लागि एक पटकलाई कर्जा पुनःसंरचना/पुनर्तालिकीकरण गर्न दिइनेछ। प्रभावित ऋणीको सावाँव्याजको भुक्तानी म्याद सार्ने सुविधा प्रदान गर्न बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले निर्देशन दिनेछ। कर छुट तथा सहुलियत सम्बन्धमा आन्तरिक राजस्व विभागले विभिन्न सुविधा दिने निर्णय भए पनि करदाताले पेश गर्नुपर्ने समयसीमामा सरकार पर्याप्त लचिलो हुन सकेन। असोज मशान्तसम्म पेश गर्नुपर्ने विवरण कार्तिक २५ गतेसम्मको समयसीमा राख्नु पर्याप्त भएन। यो समयावधिभित्र दैनिकी सामान्य नबन्ने भएकाले समय सीमामा अझै लचिलो हुन आवश्यक छ।

यो सरकारको मुख्य नारा नै सेवा प्रवाहमा चुस्त र छिटो छरितो बनाउने भन्ने छ। सरकारी निकायको काममा ढिलाइले सेवाग्राहीले लाभ पाउन नसकिरहेको बेला निर्णय कार्यान्वयनका लागि सरकारी निकायले सेवाप्रवाहमा सुधार ल्याउन आवश्यक छ। चुस्त सेवा प्रवाहले मात्रै नागरिकको मन जित्न सकिन्छ। नतिजामुखी कामका लागि इमान्दार प्रयत्नको खाँचो छ, सेवाभाव र सर्मपणले नै नागरिकको मन जित्न सकिन्छ।

# जलवायु परिवर्तन र नेपालमाथि परेको अन्याय

विशाल पाण्डेय

हिमालयमा तापक्रम बढ्दै जाँदा हिमनदीहरू पग्लिरहेका छन्, हिमतालको जोखिम बढिरहेको छ र हिमाली क्षेत्रमा पहिरो तथा बाढीको खतरा बढ्दै गएको छ। विश्व बैंकले पनि नेपालमा बढ्दो तापक्रम, हिमनदी पग्लिने र तीव्र वर्षाका कारण नदी बाढी तथा पहिरोको जोखिम बढ्ने उल्लेख गरेको छ। (

जलवायु परिवर्तन आज विश्वले सामना गरिरहेको सबैभन्दा गम्भीर वातावरणीय, आर्थिक र मानवीय समस्यामध्ये एक हो। औद्योगिक क्रान्तिपछि कोइला, पेट्रोलियम तथा प्राकृतिक ग्यासजस्ता जीवाश्म इन्धनको अत्यधिक प्रयोग, तीव्र औद्योगिकीकरण, वन विनाश, यातायात, ऊर्जा उत्पादन तथा युद्ध र सैन्य गतिविधिबाट हुने हरितगृह ग्यास उत्सर्जनले पृथ्वीको तापक्रम बढाउँदै लगेको छ। यसको परिणामस्वरूप हिमनदी पग्लिने, समुद्री सतह बढ्ने, अत्यधिक वर्षा, खडेरी, बाढी, पहिरो, डढेलो तथा अन्य चरम मौसमी घटनाहरू बढिरहेका छन्।

यस विश्वव्यापी संकटको विडम्बना के हो भने जलवायु परिवर्तनमा अत्यन्त कम योगदान गर्ने नेपालजस्ता देशहरूले यसको प्रभाव भने असमान रूपमा भोगिरहेका छन्। विश्व बैंकका अनुसार नेपालको विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा योगदान करिब ०.१ प्रतिशत मात्र छ। तर नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको देश हो।

**औद्योगिकीकरण र जलवायु परिवर्तन**

औद्योगिकीकरणले विश्वको आर्थिक तथा प्राविधिक विकासमा ठूलो योगदान पुर्‍याएको छ। तर यसको परम्परागत विकास मोडेल जीवाश्म इन्धनमा अत्यधिक निर्भर रह्यो। कारखाना, विद्युत् उत्पादन, यातायात तथा निर्माण क्षेत्रमा कोइला, तेल र ग्यासको प्रयोग बढ्दै जाँदा वायुमण्डलमा कार्बन डाइअक्साइडलगायत हरितगृह ग्यासको मात्रा बढ्यो।

यसले पृथ्वीको तापक्रम वृद्धि गरिरहेको छ। विशेषगरी विकसित तथा उच्च औद्योगिक राष्ट्रहरूले विगत लामो समयदेखि ठूलो मात्रामा हरितगृह ग्यास उत्सर्जन गरेका कारण उनीहरूको ऐतिहासिक जिम्मेवारी पनि ठूलो छ। त्यसैले जलवायु परिवर्तनलाई केवल वातावरणीय समस्या नभई न्याय, समानता र जिम्मेवारीको प्रश्न का रूपमा पनि हेर्नुपर्छ।

**युद्ध र सैन्य गतिविधिको वातावरणीय प्रभाव**

जलवायु परिवर्तनको चर्चा गर्दा औद्योगिक उत्पादन र ऊर्जा क्षेत्रको मात्र होइन, युद्ध तथा सैन्य गतिविधिको वातावरणीय प्रभावलाई पनि ध्यान दिन आवश्यक छ। युद्धका क्रममा सैन्य सवारीसाधन, विमान, जहाज तथा अन्य उपकरणमा ठूलो मात्रामा इन्धन प्रयोग हुन्छ। साथै बमबारी, पूर्वाधारको विनाश, आगलागी, औद्योगिक प्रतिष्ठानको क्षति र पुनर्निर्माणले पनि वातावरणमा अतिरिक्त दबाब सिर्जना गर्छ।

यद्यपि जलवायु परिवर्तनमा सैन्य क्षेत्रको योगदानको सही मात्रा मापन गर्न तथ्याङ्कीय चुनौतीहरू छन्, युद्ध तथा सैन्य गतिविधिले कार्बन उत्सर्जन मात्र नभई वन, माटो, पानी र मानव बस्तीमा दीर्घकालीन क्षति पुर्‍याउन सक्छ। त्यसैले दिगो विकास र जलवायु न्यायको बहसमा युद्ध तथा सैन्य गतिविधिको वातावरणीय प्रभावलाई पनि समेटिनुपर्छ।

नेपाल : उत्सर्जनमा न्यून योगदान, जोखिममा अग्रस्थान

नेपाल विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगण्य योगदान गर्ने देश हो। विश्व बैंकका अनुसार सन् २०१९ मा नेपालको कुल हरितगृह ग्यास उत्सर्जन करिब ४८ मिलियन टन CO–equivalent थियो, जुन विश्वव्यापी उत्सर्जनको लगभग ०.१ प्रतिशत हो। नेपालको उत्सर्जनमा कृषि र ऊर्जा क्षेत्रको ठूलो हिस्सा रहेको छ। (World Bank)

तर न्यून उत्सर्जनका बाबजुद नेपाल जलवायु परिवर्तनबाट अत्यन्त प्रभावित छ। हिमालयमा तापक्रम बढ्दै जाँदा हिमनदीहरू पग्लिरहेका छन्, हिमतालको जोखिम बढिरहेको छ र हिमाली क्षेत्रमा पहिरो तथा बाढीको खतरा बढ्दै गएको छ। विश्व बैंकले पनि नेपालमा बढ्दो तापक्रम, हिमनदी पग्लिने र तीव्र वर्षाका कारण नदी बाढी तथा पहिरोको जोखिम बढ्ने उल्लेख गरेको छ। (World Bank)

विश्व बैंकको अध्ययनअनुसार जलवायु परिवर्तनका प्रभावलाई नियन्त्रण गर्न नसके नेपालले सन् २०५० सम्म आफ्नो GDP को कम्तीमा ७ प्रतिशत बराबरको आर्थिक क्षति व्यहोर्न सक्ने अनुमान गरिएको छ। (World Bank)

**हिमनदी पग्लिँदा नेपालमा बढ्दो संकट**

नेपाल हिमालयको महत्वपूर्ण भूभाग ओगटेको देश भएकाले जलवायु परिवर्तनको प्रभाव यहाँ प्रत्यक्ष देखिन्छ। हिमनदी पग्लँदा सुरुमा नदीमा पानीको मात्रा बढ्न सक्छ, तर दीर्घकालमा हिमनदीको आकार घट्दै जाँदा पानीको उपलब्धतामा समेत समस्या आउन सक्छ।

त्यसैगरी हिमनदी पग्लिएर हिमतालको आकार बढ्दा Glacial Lake Outburst Flood (GLOF) अर्थात् हिमताल फुटेर अचानक आउने बाढीको जोखिम बढ्छ। यस्तो बाढीले केही मिनेट वा घण्टामै पुल, सडक, जलविद्युत् आयोजना, घर तथा बस्ती बगाउन सक्छ।

नेपालको याला हिमनदी यसको एउटा महत्वपूर्ण उदाहरण हो। उपलब्ध वैज्ञानिक अध्ययनअनुसार याला हिमनदीले सन् १९७४ यता आफ्नो करिब दुई-तिहाइ भाग गुमाइसकेको छ र हालको प्रवृत्ति जारी रहेमा यसको अस्तित्व आगामी दशकहरूमा गम्भीर जोखिममा पर्न सक्छ। (Le Monde-fr)

**हालैको नेपालको हिमाली बाढी : जलवायु संकटको चेतावनी**

सन् २०२६ अगस्ट २६ मा नेपाल-चीन सीमावर्ती हिमाली क्षेत्रमा भएको विनाशकारी बाढी र हिमनदी/हिमाली संरचना भत्किने घटनाले नेपालको जोखिमलाई फेरि विश्वसामु स्पष्ट पारेको छ। घटनामा ठूलो मात्रामा चट्टान, बरफ र पानी खसेर नदी प्रणालीमा विनाशकारी बाढी आएको थियो। सडक, पुल, घर तथा जलविद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेको र ठूलो मानवीय क्षति भएको रिपोर्ट गरिएको छ। (Reuters)

हालैका रिपोर्टहरूले यो घटनामा हिमनदी तथा हिमाली भूभागको अस्थिरता, अत्यधिक तापक्रम र पग्लिँदो बरफ तथा उभकबाचयकत जस्ता कारकहरूले जोखिम बढाएको हुन सक्ने बताएका छन्। यस्ता घटनामा कुनै एउटा कारणलाई मात्र दोष दिनुभन्दा जलवायु परिवर्तनले हिमाली प्रणालीलाई कमजोर बनाउँदै जोखिम बढाइरहेको व्यापक वैज्ञानिक सन्दर्भमा हेर्नु आवश्यक छ। (Financial Times)

यस घटनाले एउटा गम्भीर प्रश्न उठाएको छ–जलवायु परिवर्तनमा नेपालको योगदान ०.१ प्रतिशत मात्र हुँदा त्यसबाट हुने ठूलो क्षतिको भार नेपालले मात्रै किन व्यहोर्नुपर्ने ?

**जलवायु न्यायको आवश्यकता**

यही प्रश्नबाट Climate Justice (जलवायु न्याय) को अवधारणा जन्मिन्छ। जलवायु न्यायको मूल भावना के हो भने जलवायु संकट सिर्जना गर्न ऐतिहासिक रूपमा बढी योगदान गर्ने र आर्थिक रूपमा सक्षम राष्ट्रहरूले यसको समाधानमा पनि बढी जिम्मेवारी लिनुपर्छ।

नेपालजस्तो देशले आफ्नै स्रोतबाट मात्र जलवायुजन्य क्षति सामना गर्न कठिन हुन्छ। बाढीले सडक, पुल, विद्यालय, अस्पताल, जलविद्युत् आयोजना तथा घरहरू नष्ट गर्दा पुनर्निर्माणमा ठूलो रकम आवश्यक पर्छ। यसले विकासका लागि छुट्याइएको बजेटसमेत विपद व्यवस्थापन र पुनर्निर्माणमा खर्च गर्नुपर्ने अवस्था सिर्जना गर्छ।

यसरी जलवायु परिवर्तनले नेपाललाई एउटा दुईतर्फी समस्या सिर्जना गर्छ–एकातर्फ जलवायुजन्य विपदबाट भौतिक तथा मानवीय क्षति हुन्छ भने अर्कोतर्फ विकासका उपलब्धिहरू समेत पछाडि धकेलिन्छन्।

**क्षतिको जिम्मेवारी कसले लिने ?**

जलवायु परिवर्तनबाट कुनै देशले सामना गर्ने क्षतिलाई केवल "अनुकूलन" गरेर समाधान गर्न सकिँदैन। केही क्षति यस्ता हुन्छन् जसलाई रोक्न वा पहिलेको अवस्थामा फर्काउन सम्भव हुँदैन। मानिसको मृत्यु, घरबार गुमाउनु, सांस्कृतिक सम्पदा नष्ट हुनु, जमिनको क्षति हुनु तथा महत्वपूर्ण पूर्वाधार बग्नु यसको उदाहरण हुन्। यसलाई अन्तर्राष्ट्रिय जलवायु बहसमा Loss and Damage भनिन्छ।

नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष यही विषयलाई जोडदार रूपमा उठाउनुपर्छ। नेपालले जलवायु परिवर्तनको सिर्जनामा नगण्य योगदान गरे पनि त्यसबाट हुने क्षतिको ठूलो भार बोकिरहेको छ। त्यसैले उच्च उत्सर्जन गर्ने तथा आर्थिक रूपमा सक्षम राष्ट्रहरूले कमजोर र बढी प्रभावित देशहरूलाई अनुदानमा आधारित जलवायु वित्त, प्रविधि हस्तान्तरण, पूर्वसूचना प्रणाली, विपद् पूर्वतयारी र पुनर्निर्माण सहयोग उपलब्ध गराउनुपर्छ।

नेपालको हालको Nationally Determined Contribution (NDC ३.०) ले पनि जलवायु अनुकूलन, Loss and Damage र यसको कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा क्षमता विकासको आवश्यकता स्पष्ट रूपमा उल्लेख गरेको छ। (UNFCCC)

**नेपालले के गर्नुपर्छ ?**

जलवायु न्यायको माग गर्नुको अर्थ नेपालले आफ्नै जिम्मेवारीबाट मुक्त हुनु होइन। नेपालले पनि दिगो र वातावरणमैत्री विकासलाई प्राथमिकता दिनुपर्छ।

**नेपालले निम्न कदम चाल्न सक्छः**

१. हिमनदी र हिमतालको नियमित वैज्ञानिक अनुगमन गर्ने।

२. जोखिमयुक्त क्षेत्रमा Early Warning System विस्तार गर्ने।

३. सडक, पुल, जलविद्युत् तथा अन्य पूर्वाधार निर्माण गर्दा Climate Risk Assessment अनिवार्य गर्ने।

४. नवीकरणीय ऊर्जा तथा विद्युतीय यातायातलाई प्रोत्साहन गर्ने।

५. वन संरक्षण तथा पुनःवनरोपणलाई प्राथमिकता दिने।

६. स्थानीय समुदाय तथा आदिवासी ज्ञानलाई विपद् व्यवस्थापनमा समावेश गर्ने।

७. अन्तर्राष्ट्रिय मञ्चमा Climate Justice र Loss and Damage Finance को मुद्दा बलियो रूपमा उठाउने।

८. उच्च उत्सर्जन गर्ने राष्ट्रहरूसँग क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहकार्य बढाउने।

**निष्कर्ष**

जलवायु परिवर्तन केवल भविष्यको समस्या होइन, यो वर्तमानमै देखिएको वास्तविक संकट हो। औद्योगिकीकरण र जीवाश्म इन्धनमा आधारित विकासले विश्वलाई आर्थिक रूपमा अगाडि बढाए पनि त्यसको वातावरणीय मूल्य आज नेपालजस्ता कमजोर देशहरूले चुकाइरहेका छन्।

नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा करिब ०.१ प्रतिशत मात्र योगदान गरे पनि हिमनदी पग्लिने, हिमताल फुट्ने, बाढी, पहिरो, खडेरी र चरम मौसमका घटनाबाट ठूलो जोखिममा छ। जलवायु परिवर्तनका कारण सन् २०५० सम्म नेपालको न्मए मा कम्तीमा ७ प्रतिशतसम्मको क्षति हुन सक्ने विश्व बैंकको अनुमानले पनि यसको आर्थिक गम्भीरता देखाउँछ। (World Bank)

त्यसैले जलवायु संकटलाई केवल "प्राकृतिक विपत्ति" भनेर हेर्नु पर्याप्त हुँदैन। यो जिम्मेवारी, समानता र न्यायको प्रश्न पनि हो। जसले धेरै उत्सर्जन गरे, उनीहरूले समाधानमा पनि बढी योगदान गर्नुपर्छ। नेपालले आफ्नो तर्फबाट वातावरण संरक्षण र न्यून-कार्बन विकासलाई अघि बढाउँदै अन्तर्राष्ट्रिय समुदायसँग न्यायपूर्ण जलवायु वित्त र Loss and Damage को माग गर्नुपर्छ।

नेपालको सन्देश स्पष्ट हुनुपर्छ–हामीले जलवायु संकट सिर्जना गर्न धेरै योगदान गरेका छैनौं, तर यसको मूल्य ठूलो मात्रामा तिरिरहेका छौं। त्यसैले जलवायु न्याय नेपालको अधिकार हो, दया होइन।

# बाढीपछि किन सबैभन्दा आवश्यक छ जनस्वास्थ्य जनशक्ति ?

कमल कालाखेती

बाढी, पहिरो तथा अन्य प्राकृतिक विपदका बेला उद्धार, राहत र उपचारलाई प्राथमिकता दिइन्छ। तर, विपद सकिएपछि देखिन सक्ने अर्को ठूलो चुनौती सार्वजनिक स्वास्थ्य संकट हो। बाढीका कारण खानेपानीका स्रोत दूषित हुने, सरसफाइको अवस्था बिग्रिने, फोहोर तथा ढल व्यवस्थापनमा समस्या आउने र मानिसहरू राहत शिविरमा भीडभाडमा बस्नुपर्ने अवस्था सिर्जना हुन्छ। यस्तो अवस्थामा हैजा, झाडापखाला, टाइफाइड, हेपाटाइटिस, डेंगुलगायतका संक्रामक रोग फैलिने जोखिम अत्यधिक बढ्छ। त्यसैले विपदको समयमा स्वास्थ्यकर्मी मात्र होइन, जनस्वास्थ्य जनशक्तिको तत्काल र प्रभावकारी परिचालन अत्यन्त आवश्यक हुन्छ।

जनस्वास्थ्य जनशक्तिको मुख्य जिम्मेवारी बिरामीको उपचार गर्नु मात्र होइन, रोग फैलिन नदिनु र समुदायलाई स्वस्थ राख्नु हो। बाढीपछि कुन ठाउँमा कुन रोगका लक्षण बढिरहेका छन् भन्ने निरन्तर निगरानी गर्ने, समयमै जोखिम पहिचान गर्ने, सम्भावित रोगको प्रकोपबारे पूर्वसूचना दिने र रोग फैलिनुअघि नै रोकथामका उपाय सञ्चालन गर्ने काममा उनीहरूको महत्वपूर्ण भूमिका हुन्छ। दूषित हुन सक्ने खानेपानीका स्रोतको परीक्षण, पानीमा आवश्यक मात्रामा क्लोरिनको प्रयोग, पानीका स्रोतको संरक्षण, अस्थायी शौचालयको व्यवस्थापन, फोहोर तथा ढलको उचित व्यवस्थापन र राहत शिविरमा संक्रमण फैलिन नदिन आवश्यक सावधानी अपनाउन पनि जनस्वास्थ्य जनशक्ति आवश्यक हुन्छ।

त्यसैगरी, बाढीपछि खाद्य पदार्थ दूषित हुन सक्ने भएकाले खाद्य सुरक्षाको निगरानी, लामखुट्टेको प्रजननूस्थल पहिचान तथा नियन्त्रण र डेंगुलगायतका कीटजन्य रोगको जोखिम न्यूनीकरणमा पनि जनस्वास्थ्य जनशक्तिको भूमिका महत्वपूर्ण हुन्छ। राहत शिविरमा सीमित स्थानमा धेरै मानिस बस्ने भएकाले संक्रामक रोगहरू छिटो फैलिन सक्छन्। यस्तो अवस्थामा जोखिममा रहेका क्षेत्र र समूह पहिचान गरी स्वास्थ्य शिक्षा, रोग निगरानी, सरसफाइ तथा संक्रमण नियन्त्रणका उपाय समुदायस्तरमै प्रभावकारी रूपमा लागू गर्नुपर्छ।

विपद्को समयमा स्वास्थ्य सेवा सबैका लागि समान रूपमा पहुँचयोग्य हुनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ। बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा विस्थापित समुदायको स्वास्थ्य आवश्यकता अन्य व्यक्तिको भन्दा फरक र बढी संवेदनशील हुन सक्छ। जनस्वास्थ्यकर्मीले यस्ता जोखिममा रहेका समूहको पहिचान गरी उनीहरूको विशेष स्वास्थ्य आवश्यकतालाई प्राथमिकतामा राख्न सहयोग गर्छन्। त्यस्तै, विपदका कारण मृत्यु भएका व्यक्तिहरूको सम्मानजनक तथा सुरक्षित व्यवस्थापन, पहिचान र सम्बन्धित निकायबीच समन्वय गर्न पनि जनस्वास्थ्य दृष्टिकोण महत्वपूर्ण हुन्छ।



प्राकृतिक विपदले मानिसको शारीरिक स्वास्थ्यमा मात्र होइन, मानसिक स्वास्थ्यमा पनि गहिरो प्रभाव पार्छ। आफन्त गुमाउनु, घरबार गुमाउनु, विस्थापित हुनु र भविष्यप्रतिको अनिश्चितताले डर, तनाव, शोक तथा मानसिक पीडा निम्त्याउन सक्छ। त्यसैले विपदपछि मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, स्वास्थ्य शिक्षा, समुदाय परिचालन र सामाजिक पुनःस्थापनालाई पनि स्वास्थ्य सेवाको अभिन्न अंगका रूपमा लिनुपर्छ।

वास्तवमा, विपदको समयमा अस्पतालमा बिरामी पुगेपछि उपचार गर्नु जति आवश्यक छ, बिरामी नै नपर्ने वातावरण बनाउनु अझ महत्वपूर्ण हुन्छ। यही काम जनस्वास्थ्य जनशक्तिले गर्छ। उनीहरूले समुदायमा रोगको जोखिम पहिचान गर्छन्, रोगको प्रकोप रोक्छन्, सुरक्षित खानेपानी र सरसफाइ सुनिश्चित गर्न सहयोग गर्छन्, जोखिममा रहेका समूहको संरक्षण गर्छन् र समुदायलाई स्वास्थ्य संकटबाट जोगाउँदै पुनःस्थापनातर्फ अघि बढाउँछन्।

त्यसैले बाढी तथा अन्य प्राकृतिक विपद्को समयमा राहत सामग्री, उद्धार टोली र उपचार सेवासँगै जनस्वास्थ्य जनशक्तिलाई पनि पहिलो प्राथमिकताका साथ परिचालन गर्न आवश्यक छ। किनकि विपदपछिको अर्को ठूलो संकट रोगको प्रकोप हुन सक्छ, र त्यो संकट आउनुअघि नै रोक्ने सबैभन्दा प्रभावकारी माध्यममध्ये एक हो–सक्षम, सक्रिय र पर्याप्त जनस्वास्थ्य जनशक्ति। "विपद्पछि उपचार मात्र होइन, रोगको प्रकोप आउन नदिनु नै जनस्वास्थ्यको वास्तविक भूमिका हो।" स्वास्थ्य खबरबाट

# संघीयता र मधेसी अधिकार कमजोर पार्न खोजिएको भन्दै जसपा नेताहरूको आपत्ति




**गौरीशंकर जयसवाल**

*परासी*

जनता समाजवादी पार्टी (जसपा) नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले देश गम्भीर परिस्थितिबाट गुज्रिरहेको भन्दै राज्यले जनताका समस्या समाधान गर्न प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

जसपा नेपालले आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै अध्यक्ष यादवले पीडित वर्ग, मुस्लिम, आदिवासी जनजाति तथा मधेसी समुदायको अधिकार सुनिश्चित गर्न समाजवादी आन्दोलनलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिए ।

उनले किसानले समयमै मलखाद नपाएर समस्या भोगिरहेको, मधेशमा विकासका लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको तथा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्र अपेक्षित रूपमा प्राथमिकतामा पर्न नसकेको जनाए । सरकारको कार्यशैलीका कारण लोकतन्त्र र संघीयता कमजोर बन्ने खतरा रहेको उनको भनाइ थियो ।

अध्यक्ष यादवले सत्ता र सरकार अत्यधिक केन्द्रीकृत हुँदा राज्यका निकाय कमजोर र निरीह बन्न पुगेको दाबी गरे । उनले लुम्बिनी प्रदेशको वर्तमान भौगोलिक बनावट उपयुक्त नभएको भन्दै नवलपरासीदेखि कञ्चनपुर र कैलालीसम्मका तराई-मधेश क्षेत्रलाई समेटेर छुट्टै प्रदेश निर्माण गर्नुपर्ने धारणा राखे । प्रदेशलाई थप अधिकार सम्पन्न बनाउनुपर्नेमा पनि उनले जोड दिए ।

कार्यक्रममा जसपा नेपालका केन्द्रीय कार्यकारिणी सदस्य पुरन चौधरीले राजनीतिक अधिकार प्राप्तिको संघर्ष ऐतिहासिक लडाइँ भएको बताए । उनले प्राप्त उपलब्धिको रक्षा गर्दै बाँकी अधिकारका लागि निरन्तर संघर्ष आवश्यक रहेको धारणा राखे ।

केन्द्रीय सचिव अम्बिका काफ्लेले लामो संघर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्नुपर्ने बताइन् । मधेश आन्दोलनकै कारण संघीयता, समावेशिता र मधेशको पहिचान स्थापित भएको उल्लेख गर्दै उनले मधेसी समुदायका अधिकार अझै पूर्ण रूपमा सुनिश्चित नभएकाले संघर्षलाई निरन्तरता दिनुपर्ने जनाइन् ।

पूर्व रक्षा राज्यमन्त्री तथा पार्टी केन्द्रीय सदस्य राबच्चन यादवले जनताका पीडा अझै धेरै रहेको भन्दै पार्टीलाई थप एकताबद्ध र संगठित बनाएर अघि बढ्नुपर्ने बताए । उनले पार्टीभित्रको एकता बलियो बनाएर जनताका सवालमा केन्द्रित हुनुपर्ने धारणा राखे ।

मधेश प्रदेशका पूर्व मुख्यमन्त्री जितेन्द्र सोनलले सुशासन कायम गर्दै जनताको अधिकार सडक र सदन दुवैबाट स्थापित गर्नुपर्ने बताए । संघीयता समाप्त पार्ने वा प्राप्त उपलब्धि गुमाउने प्रयास स्वीकार्य नहुने भन्दै उनले संघीयता र समावेशी अधिकारको रक्षा गर्नुपर्नेमा जोड दिए ।

जसपा नेपाका जिल्ला अध्यक्ष धरेन्द्र यादवको अध्यक्षयता भएको कार्यक्रम वर्तमान सरकारले जनताको अपेक्षाअनुसार काम गर्न नसकेको, विकास र सुशासनका विषयमा स्पष्ट दृष्टिकोण प्रस्तुत गर्न नसकेको तथा सरकारसँग आवश्यक तथ्यांक र योजनाको अभाव देखिएको आरोप लगाए । संघ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय तथा सहकार्य हुन नसक्दा जनताले समस्या भोग्नुपरेको उनीहरूको भनाइ थियो । कार्यक्रममा जसपा नेपालका नेता तथा अगुवा कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

२३औँ निजामती सेवा दिवसः

# पूर्व कर्मचारी कल्याण समूहद्वारा स्वास्थ्य शिविर

**मोहम्मद हबिब**

*भैरहवा*



पूर्व कर्मचारी कल्याण समूह रुपन्देहीद्वारा खुला तथा निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम गरिएको छ । अवकाशप्राप्त राष्ट्रसेवक निजामती कर्मचारीहरूको सामाजिक उत्तरदायित्व र जनस्वास्थ्यप्रतिको प्रतिबद्धता स्वरूप २३औँ निजामती सेवा दिवसको अवसरमा खुला स्वास्थ्य शिविर कार्यक्रम आयोजना गरिएको हो ।

शिविरमा पूर्व कर्मचारीका परिवारजनका साथै स्थानीय सर्वसाधारणको उपस्थिति रहेको थियो । संस्थामा रुपन्देही जिल्लाभरका ५८४ जना अवकाशप्राप्त कर्मचारीहरू सदस्यका रूपमा आबद्ध रहेका छन् । यसअघि पहिलो पटक दन्त सेवाको शिविर सञ्चालन गरिएकोमा यसपटक दोस्रो संस्करणका रूपमा सर्वसाधारणलाई समेट्दै बृहत् स्वास्थ्य शिविर आयोजना गरिएको हो, जसबाट स्थानीय वडावासीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको अध्यक्ष हरिप्रसाद अर्यालले बताए ।

स्वास्थ्य शिविरमा जनरल मेडिसिन, हाडजोर्नी, दन्त सेवा तथा नाक, कान र घाँटीसम्बन्धी विशेषज्ञ डाक्टरहरूद्वारा स्वास्थ्य परीक्षण गरिएको थियो । जाँचका साथसाथै शिविर स्थलमै अत्याधुनिक प्याथोलोजी सेवा उपलब्ध गराउँदै बिरामीहरूको रगत, पिसाब र सुगर (मधुमेह) को निःशुल्क परीक्षण गरिएको थियो । स्वास्थ्य परीक्षणपश्चात् बिरामीहरूलाई आवश्यक पर्ने विभिन्न औषधिहरू समेत निःशुल्क रूपमा वितरण गरिएको थियो । निजामती सेवा दिवसको सन्दर्भ पारेर आफ्नै क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ यो संस्थाले निर्णय लिइएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालले देश हाल महाविपत्ति र अपूर्णीय क्षतिको कठिन अवस्थाबाट गुज्रिरहेको परिस्थितिमा यसरी आफ्नो ठाउँबाट समाजसेवामा जुट्नु अत्यन्त सराहनीय र अनुकरणीय कार्य भएको बताए । लामो समय सरकारी सेवामा रहेर राष्ट्र निर्माणमा ठूलो योगदान पुऱ्याएका पूर्व कर्मचारीहरू वर्तमान प्रशासनका लागि अभिभावक र अग्रज रहेको उल्लेख गर्दै प्रमुख जिल्ला अधिकारी अर्यालले अवकाशपछि पनि सङ्गठित भई सामाजिक र जनस्वास्थ्यका क्षेत्रमा यसरी अहोरात्र खटिनु निकै चुनौतीपूर्ण र प्रशंसनीय रहेको बताए । भूतपूर्व कर्मचारीहरूको लामो अनुभव, ज्ञान र सीपलाई सार्वजनिक सेवा प्रवाह सुधारका लागि उपयोग गर्नुपर्नेमा उनले जोड दिए । यस्ता सामाजिक कार्यहरूले समाजलाई थप सकारात्मक र प्रेरणादायी दिशातिर अघि बढाउन मद्दत पुऱ्याउने उनको भनाइ थियो ।

निजामती वा सार्वजनिक सेवामा लामो समय बिताएका व्यक्तिहरू हिजो सेवा प्रदायकको भूमिकामा रहेका र आज सेवाग्राहीका रूपमा रहेकाले सेवा प्रवाहका वास्तविक समस्या र समाधानका उपायबारे जानकार रहेको बताउँदै हाम्रो क्षमता, जनशक्ति र स्रोतसाधन उही भए पनि सर्वसाधारणको अपेक्षाअनुसार छिटो-छरितो र प्रभावकारी सेवा दिनु आजको ठूलो चुनौती रहेको बताए ।

उनले जिल्ला प्रशासन, भूमि प्रशासन, नापी, नगरपालिका, यातायात व्यवस्था कार्यालय र अस्पताल जस्ता अत्यधिक भीड हुने निकायका प्रमुखहरूसँग पूर्व कर्मचारीहरूलाई एउटै थलोमा राखेर छलफल गराउन सके सार्वजनिक सेवामा ठूलो सुधार ल्याउन सकिने बताए । स्वास्थ्य शिविरलाइ स्वास्थ्य कार्यालय रुपन्देही, भीम अस्पताल, युसीएमएस शिक्षण अस्पताल भैरहवा, मुस्कान डेन्टल क्लिनिक , जोशी प्याथोलोजी, एशियन फर्मास्युटिकल्स प्रा. लि., सिद्धार्थ फर्मास्युटिकल्स प्रा. लि. र रोयल मेडिको डिस्ट्रिब्युटर्स बुटवलले सहकार्य गरेका थिए ।

कार्यक्रम संयोजक ओमप्रकाश पन्थीको स्वागत, महासचिव लक्ष्मण पौडेलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# शितलादेवी मन्दिरमा मुक्तिनाथको बाद्यबादन

स्याङ्जा । मुक्तिनाथ विकास बैंकले शितलादेवी मन्दिरलाई बाद्यबादनका सामग्री सहयोग तथा हस्तान्तरण गरेको छ । पुतलीबजार नगरपालिका-१३ गिजिनडाँडास्थित शितलामाई शिव मन्दिरलाई बैंकले बाद्यबादनका सामग्री सहयोग तथा हस्तान्तरण गरेको हो ।

बैंकले मन्दिरलाई झण्डै एक लाख रुपैयाँ मूल्य बराबरको बाद्यबादनका सामग्री प्रदान गरेको बैंकले जनाएको छ । पर्यटकीय आकर्षणको केन्द्र गिजिनडाँडाको शितलामाई शिव मन्दिरमा भजनकिर्तन गर्न सहयोग पुऱ्याउने उद्देश्यले बाद्यबादनका सामग्री सहयोग गरेको बैंकले जनाएको छ ।

बाद्यबादनका सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै मुक्तिनाथ विकास बैंकका सञ्चालक भरतप्रसाद लम्सालले गरिब तथा विपन्न परिवार, जेहेन्दार विद्यार्थी, सुरक्षा निकायबिच सहयोग आदानप्रदान गर्दै आएको बैंकले मन्दिर पुग्ने भक्तजनलाई भजनकिर्तन गर्न सजिलो र आकर्षक बनाउन बाद्यबादनका सामग्री सहयोग गरेको बताए ।

बैंकले आर्थिक, सामाजिक, स्वास्थ्य, सुरक्षा र सचेतना अभियानमा स्थानीयसँग हातेमालो गर्दै आएको बताउँदै बैंकका सञ्चालक लम्सालले सामाजिक जागरणमा बैंककातर्फबाट निरन्तर सहयोग पुऱ्याउने बताए । बैंक तथा वित्तीय संस्थाहरु पछिल्लो समय नाफामा मात्रै केन्द्रित नभएर सामाजिक जागरणमा सहभागि बन्दै गएको लम्सालले जनाए ।

त्यस अवसरमा शितलादेवी मन्दिर भजनकिर्तन समितिका अध्यक्ष कृष्णप्रसाद तिवारी, मन्दिर व्यवस्थापन समितिका पूर्वसदस्य ख्यामनारयाण अधिकारीले गिजिनडाँडास्थित मन्दिरको भौतिक अवस्थामा सुधार ल्याउन सके आन्तरिक पर्यटकको केन्द्र बनाउन सकिने बताए ।

शितलादेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बलराम सुवेदीको अध्यक्षतामा भएको सामग्री हस्तान्तरण कार्यक्रमको सञ्चालन स्थानीय युवा समाजसेवी मोतीकृष्ण अधिकारीले गरेका थिए भने स्वागत मन्दिरका भजनकिर्तन समितिका सचिव ज्योतिका काफ्लेले गरेकी थिइन् ।

# इन्द्रेणी बहुउद्देश्यीय सहकारीको २८औँ वार्षिक साधारणसभा सम्पन्न

बुटवल । बुटवलको सुख्खानगर धर्मपथमा रहेको इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २८औँ वार्षिक साधारणसभा आइतबार सम्पन्न भएको छ । इन्द्रेणीले आगामी वर्षलाई उत्पादनसँग जोड्ने वर्षका रुपमा लिने गरी सदस्य केन्द्रित उत्पादनमूलक कार्यक्रम गर्ने र शेयर सदस्यहरुलाई आर्थिकोपार्जनमा जोड्ने कार्यक्रम ल्याउने प्रस्ताव पारित गर्दै साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभाको उद्घाटन गर्दै सहकारी विज्ञ तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका निवर्तमान अध्यक्ष डा. खगराज शर्माले सहकारीलाई सिद्धान्त अनुसार नै संचालन गर्नु पर्ने बताए । कार्यक्रममा बोल्दै डा. शर्माले सहकारी संस्था सदस्यको आर्थिक तथा सामाजिक समृद्धिको महत्वपूर्ण आधार भएको बताउँदै सहकारीका परिवर्तित कानुन, ऐन-नियम बुझ्दै शेयर सदस्यको जिम्मेवारी तथा सहकारीलाई समयानुकूल व्यवसायीकरण गर्दै लैजानुपर्ने आवश्यकताबारे आफ्नो धारणा राखेका थिए । उनले सहकारीप्रतिको विश्वास कायम राख्न पारदर्शिता, सुशासन र सदस्यकेन्द्रित सेवामा विशेष ध्यान दिनुपर्नेमा जोड दिए । कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णप्रसाद अर्यालले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थालाई पारदर्शि, सदस्य केन्द्रित कार्यक्रम गर्दै उत्पादनमूलक क्षेत्रमा सहकारीलाई सक्रिय बनाउने धारणा राखेका थिए ।

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष भीम तुलाचन, सहकारीका पूर्व अध्यक्षहरू शिवलाल राना, मित्रबहादुर शाक्य, निवर्तमान अध्यक्ष ध्रुवकुमार धिताललगायतले सहकारीलाई सिद्धान्त सञ्चालन गर्ने र उत्पादनमूलक कार्य गर्नु पर्नेमा जोड दिएका थिए ।

**सरकारले...**

तीन तहका सरकारबिच समन्वयको अभाव देखिएको टिप्पणी गर्दै उनले स्थानीय तह र प्रदेश सरकारलाई सक्रिय बनाएर सडक सञ्जाल पुनः जोड्ने काम भइरहेको जानकारी दिउ । जलवायु परिवर्तन (ग्लोवल वार्मिङ) का कारण हिमाली क्षेत्रमा हिमताल विस्फोटको जोखिम बढेको उल्लेख गर्दै सांसद आचार्यले अब बन्ने भौतिक संरचनाहरू 'डिजास्टर फ्रेन्डली' हुनुपर्नेमा जोड दिए ।

यस्तै, चिलिमे, भोटेकोसी र त्रिशूली ३-ए लगायतका जलविद्युत् आयोजनामा कार्यरत कर्मचारीहरू अझै पनि भौगोलिक कठिनाइका कारण सुरक्षित स्थानमा आउन नसकेको र चारवटा जलविद्युत् आयोजनाका सुरुङमा क्षति पुगेको विषयमा उनले सरकारको गम्भीर ध्यानाकर्षण गराए । रिपोर्टअनुसार अझै पनि ठूलो संख्यामा मानिसहरू बेपत्ता रहेको उल्लेख गर्दै खोजी र राहत कार्यलाई तिब्रता दिन उनले माग गरेका छन् ।

**तथ्य...**

'हामीले वर्षौंदेखि जलवायु परिवर्तनको मारमा परेको कुरा उठाउँदै आएका छौं, तर अबका दाबीहरू वैज्ञानिक अध्ययनमा आधारित हुनुपर्छ,' सभापति थापाले बैठकमा भन-'नेपालले हानि र नोक्सानीको मुद्दा मात्र नभई अनुदानमा आधारित जलवायु वित्तका लागि पनि कडा लबिङ गर्नुपर्छ ।'

यसअघिका सरकार र प्रधानमन्त्रीहरूले अन्तर्राष्ट्रिय मञ्चहरूमा निर्वाह गरेको भूमिका र उठाएका एजेण्डाहरूको गहिरो अध्ययन गर्नसमेत उनले सुझाव दिएका छन् ।

विगतमा प्रधानमन्त्रीहरूले उठाएका 'हिमालदेखि महासागरसम्म' का विषय र कोप-२८ मा अघि सारिएका जलवायु न्यायका पहलहरूलाई निरन्तरता दिँदै अहिलेको तयारीलाई थप मजबुत बनाउनुपर्ने थापाको भनाइ छ ।

देशभित्र र बाहिर रहेका दक्ष जनशक्ति तथा विज्ञहरूको परामर्शका आधारमा तयारी गरेर गए मात्रै नेपालले अन्तर्राष्ट्रियस्तरमा आफ्ना मुद्दाहरूलाई स्थापित गर्दै ठोस उपलब्धि हासिल गर्न सक्ने उनले प्रष्ट पारे ।

**किन ...**

जहाँ जसको सीप, क्षमता र विशेषज्ञता आवश्यक छ, उनीहरू सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी नागरिकको जीवन रक्षाका लागि खटिरहन पनि उनले आग्रह गरेका छन् ।

यतिबेला व्यक्तिगत वा राजनीतिक टीका-टिप्पणीभन्दा माथि उठेर एक-एक जनताको जीवन रक्षा गर्नु नै सबैको साझा र सर्वोच्च दायित्व भएकाले सम्पूर्ण सामर्थ्य, समन्वय र जिम्मेवारीका साथ नागरिकको सेवामा जुट्न पराजुलीले अपिल गरेका छन् ।

महामन्त्री विपिन कुमार आचार्यले खोजी, राहत र उद्धारका लागि इमानदारपूर्वक फिल्डमा खटिएका व्यक्ति विशेषको हकमा पार्टीले फिर्ता बोलाउने निर्णय नगरेको जिकिर गरे । 'फिल्डमा गएर योगदान दिइराखेको छ भने उसलाई पार्टीले प्रोत्साहन गर्छ । जसले डिस्टर्ब गरिरहेको छ, उसलाई फिर्ता आऊ भनेको हो । हामीले कुनै व्यक्ति विशेषलाई भनेको होइन, सैद्धान्तिक पाटोबाट निर्णय गरेको हो', आचार्यले भने-'विपदको बेला फिल्डमा विषय विज्ञ नेता तथा सांसदहरू बस्ने हो । फिल्डमा उद्धारकर्मीको काममा असर पर्ने खालका अनावश्यक रुमपमा भिड गर्ने, फोटो/भिडियो खिच्ने, सामाजिक सञ्जाल/मिडियावाजी जस्ता गतिविधिलाई निरुत्साहित गर्नुपर्छ, पार्टीले गर्छ ।'

यसको अर्थ सरकारका मन्त्री, प्रधानमन्त्री, सांसदहरू, पार्टीका नेता तथा कार्यकर्ताहरू खोजी, उद्धार कार्यमै लाग्नु हुँदैन जस्तो गरी भाष्य निर्माण गर्नु उचित नभएको आचार्यको भनाइ छ । विपदको बेलामा पीडितसँगै रहेर सरकार छ है भन्न खोज्नु गलत नभएको उनको तर्क छ । उनले भने- 'विपदको बेला पार्टी र सरकारले शत प्रतिशत होइन, दुई सय प्रतिशत योगदान दिनुपर्छ ।'

सांसद ढकाल र न्यौपाने फेरि बाढी प्रभावित क्षेत्रमै फर्किन लागेको आचार्यले बताए । खोजी तथा उद्धारका लागि आफू फेरि रसुवाको चिलिमे जान लागेको भन्दै न्यौपानेले समेत सामाजिक सञ्जाल फेसबुकमार्फत् जानकारी गराएका छन् ।

'चिलिमे जलविद्युत् आयोजनाको सुरुङभित्र ६ जना फसिरहेको सूचना प्राप्त भएको छ । उक्त उद्धार कार्यमा आफ्नो अनुभव र ज्ञानको उपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा जानकारी लिने, बुझ्ने, आवश्यक सुझाव दिने तथा आवश्यकता परेको अवस्थामा उद्धार कार्यमा समेत प्रत्यक्ष रूपमा खटिने उद्देश्यले जाँदैछु ।'-उनले लेखेका छन् ।

सुरुङमा फसेकाहरूको खोजी, उद्धारको अवस्थाबारे न्यौपानेले नै बेला बेलामा सामाजिक सञ्जालमार्फत जानकारी गराउँदै आएका छन् । रास्वपाका सांसदहरू ढकाल र न्यौपानेमात्र होइन, सरकारका गृहमन्त्री सुधन गुरुङ पनि प्रभावित क्षेत्रमा खटिएका छन् । गृहमन्त्रीमाथि युट्युबरको लावालस्कर सहित फिल्डमा पुगेर स्टन्टबाजी गरेको आरोप लागेको छ ।

प्रधानमन्त्री बालेन्द्र शाह, भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल, सञ्चारमन्त्री विक्रम तिमिल्सिनालगायत मन्त्रीहरू भदौ ११ गते नुवाकोटको विदुर पुगेर बाढीले पुऱ्याएको क्षतिबारे अवलोकन गरेर फर्किएका थिए । गत वर्ष भदौमा भएको जेनजी आन्दोलनबाट शक्ति आर्जन गरेको रास्वपाले फागुनमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा १८२ सिट जितेको थियो । पार्टी र सरकारमा अधिकांश युवा अनुहार रहेका र राजनीतिक अनुभवको कमी रहे पनि विषय विज्ञताको आधारमा प्रधानमन्त्री, मन्त्रीहरू, सांसदहरू र नेताहरूमा प्राविधिक विषय अर्थात् डाक्टर, इन्जिनियर, नर्सिङ, सञ्चार विज्ञलगायतको बाहुल्यता छ ।

सरकारमा पुगेपछि विपदको बेला नागरिकलाई उद्धार गर्न विषय विज्ञता प्रयोग नै गर्न नहुने जसरी प्रचार गर्न नहुने पार्टी महामन्त्री आर्चायको तर्क छ । 'सरकारका प्रधानमन्त्री, मन्त्रीहरू, सांसदहरू तथा पार्टीका नेताहरूले विपदको बेला विषय विज्ञता प्रयोग नै नगर्ने भन्ने हुँदैन । फिल्डमा जाँदैमा पर्दा पछाडि हुने काम गरेकै हुँदैनन् भन्ने भ्रम राख्नु भएन', उनले भने-'विपदको बेलामा सरकार चाहिने हो । पार्टी र सांसदहरूको उपस्थिति रहने हो । मानौं कुनै मन्त्री विज्ञताको हिसाबले फिल्डमा गएर उद्धारको काम गरिरहेको छ भने उसले नीति, निर्माण वा निर्देशनको कामै गरेको छैन भन्न मिल्दैन ।'

भदौ १० गते अकल्पनीय रूपमा नेपाल-चीन सीमावर्ती क्षेत्रबाट भोटेकोसी र त्रिशुली नदीमा बाढी आएर जनधनको ठुलो क्षति भएको थियो । लगत्तै पार्टीको तर्फबाट महामन्त्री आचार्यले विज्ञप्ति निकालेर जोखिममा परेका नागरिकको सुरक्षित उद्धार तथा पूर्वतयारीका कार्यमा स्थानीय प्रशासनसँग प्रभावकारी समन्वय गरी सेवामा सक्रिय रूपमा जुट्न पार्टीका सम्पूर्ण सदस्यहरूलाई निर्देश दिएका थिए ।

दिउँसो संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको पार्टी सचिवालय बैठकले प्रभावित क्षेत्रमा खोजी, उद्धार र राहत वितरणका लागि तत्काल ५० लाख रुपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय गऱ्यो । विपद्को घडीमा राज्य संयन्त्रलाई सघाउनु सबैको साझा राष्ट्रिय दायित्व भएकाले केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा रहेका पार्टीका सम्पूर्ण समिति, सदस्य तथा शुभचिन्तकहरूलाई स्थानीय प्रशासन र सुरक्षा निकायसँगको समन्वयमा उद्धार र राहत कार्यमा अनुशासित एवं सक्रिय रूपमा ऱ्याट मार्फत् खटिन पार्टी निर्देशन दियो । साथै, यसको संयोजनको जिम्मा बैठकले पूर्व ऱ्याट संयोजक आशिष थापालाई दिने निर्णय गऱ्यो ।

भदौ ११ गते सभापति रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकले सबै राजनीतिक दल र तीनवटै तहका सरकारसँग समन्वय गरी खोजी, उद्धार, राहत वितरण तथा व्यवस्थापनको काम गर्ने १० बुँदे सहमति गरेको थियो । तर सरकार र पार्टीको तर्फबाट प्रभावित क्षेत्रमा खटिएका मन्त्री, सांसद तथा नेताहरूको गतिविधिलाई लिएर चौतर्फी आलोचना हुन थाल्यो ।

विनाशकारी बाढीले सबैभन्दा प्रभावित स्थानीय तहका जनप्रतिनिधिलाई सरकारका मन्त्रीहरू र सांसदहरूले थर्काएको विषयमा आलोचना भएको थियो । गृहमन्त्री सुधन गुरुङले प्रभावित क्षेत्रमा पुगेर सामाजिक सञ्जाल तथा मिडियामार्फत् अनावश्यक स्टन्ट गरेको, भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले स्थानीय जनप्रतिनिधिहरू सक्रिय नभएकोमा असन्तुष्टि पोखेको, सांसद आसिका तामाङले स्थानीय जनप्रतिनिधिलाई थर्काएको विषयमा पार्टीभित्र र बाहिर आलोचना हुन थालेपछि सभापति लामिछानेले भदौ १४ गते पार्टीले गठन गरेको खोजी, उद्धार तथा राहत वितरण संयन्त्रको बैठक बोलाएर ब्रिफिङ लिएका थिए ।

त्यसै दिन बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरसँग प्रत्यक्ष भेटेर र स्थानीय जनप्रतिनिधिसँग टेलीफोन सम्वाद गरी वस्तुगत अवस्थाबारे लामिछानेले जानकारी लिएका थिए । बेलुका केन्द्रीय समितिको भर्चुअल बैठक बोलाएका उनले सोही बैठकमार्फत् उद्धारकर्मीलाई बोझ हुने, पीडितलाई थप पीडा थप्ने, अनावश्यक भिड गर्ने, फोटो खिच्ने, मिडियाबाजी गर्ने जस्ता काम नगर्न र तत्काल फिर्ता हुन निर्देशन दिएका थिए । त्यसैदिन सचेतक क्रान्तिशिखा धिताल र प्रकाशचन्द्र परियारले अनावश्यक रूपमा फिल्डमा रहेकालाई फिर्ता हुन निर्देशन दिएका थिए ।

यता पार्टी महामन्त्री विपिन कुमार आचार्यको नेतृत्वमा सिंहदरबारमा बसेको सर्वदलीय बैठकले केन्द्रदेखि स्थानीय तहसम्म सर्वदलीय संयन्त्र गठन गरी उद्धार, राहत र व्यवस्थापनका लागि प्रभावकारी काम गर्ने सहमति गऱ्यो ।

भदौ १५ गते सभापति लामिछानेले विपदमा सरकारले गरिराखेको खोजी, उद्धार र वितरणको विषयमा प्रधानमन्त्री बालेन्द्र शाहसँग जानकारी लिएका थिए । त्यसैदिन राष्ट्रपति रामचन्द्र पौडेलसँग लामिछानेले भेटवार्ता गरेका थिए । भदौ १८ गते केन्द्रीय कार्यालय वनस्थलीमा बसेको सचिवालय बैठकले खोजी, उद्धार र राहत वितरण काममा सरकारसँग समन्वय गरी अझ प्रभावकारी बनाउने निर्णय गरेको थियो । सरकार र पार्टी संयन्त्रले गरेको कामको गम्भीर समीक्षा गरेको थियो ।

**पाल्पामा ...**

जलवायु परिवर्तनका कारण पाल्पामा पनि डेंगु सार्ने लामखुटटेको वृद्धि विकास राम्रो हुँदा संक्रमितको संख्यामा वृद्धि भएको पाइएको भट्टराईले बताए ।

एडिस एजिप्टाइ जातको पोथी लामखुट्टेको टोकाइबाट डेंगु रोगको संक्रमण हुने गर्दछ । यो समयमा पानी पर्ने समय भएका कारण लामखुट्टेको वृद्धि विकासमा टेवा पुग्ने हुँदा संक्रमण फैलिएको हो ।

डेंगु संक्रमण भएमा असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसापेशी दुख्ने, शरीरमा बिबिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोस हुने जस्ता लक्षणहरू देखापर्छ ।

डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ । जसका लागि लामखुट्टेको वृद्धि रोक्ने उपयुक्त उपाए अपनाउन र सचेत हुन चिकित्सकले सुझाव दिएका छन् ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्क:
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्लू रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**बागवानीमा लटरम्म स्याउः**

मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रको फार्ममा लटरम्म फलेका स्याउ । केन्द्रमा विभिन्न जातका स्थानीय र हाइब्रिड स्याउहरू उत्पादन हुने गर्छ । तस्विर : /रासस

# विदेशबाट फर्केर गाउँमै उद्यम



**अनिल नेपाली**

*अर्घाखाँची*

अर्घाखाँचीको पाणिनि गाउँपालिका-७, अड्गुरीका व्यवसायी इन्द्र बि. खनालले गाउँमै व्यवसाय सञ्चालन गर्दै ८ जनालाई रोजगारी दिएका छन् । १६ वर्षसम्म विदेशमा होटल व्यवसायसँग सम्बन्धित काम गर्दै अनुभव र सीप हासिल गरेका खनालले स्वदेश फर्किएपछि विदेशमा कमाएको रकम गाउँमै लगानी गर्ने निर्णय गरेका हुन् । विदेशमा सिकेको सीपलाई स्वदेशमै उपयोग गर्दै उनले सुरुमा लाखौं रुपैयाँ लगानी गरेर अड्गुरीमा अड्गुरी मम सेन्टर सञ्चालन गरेका थिए ।

व्यवसायबाट राम्रो सम्भावना देखेपछि खनालले व्यवसायलाई विस्तार गर्दै हाल करिब एक करोड रुपैयाँ लगानीमा अड्गुरी मम सेन्टर तथा लज सञ्चालनमा ल्याएका छन् । विदेशमा कमाएको पैसा निष्क्रिय रूपमा राख्नुभन्दा उत्पादनमूलक क्षेत्रमा लगानी गर्दा निरन्तर आम्दानी हुनुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिने उनको बुझाइ छ ।

"धेरै विदेश धाइयो, अलिअलि कमाइ पनि भयो । विदेशको कमाइ भेलबाढीजस्तै हो, धेरै टिक्दैन," खनाल भने-"निरन्तर आम्दानीका लागि देशमै केही गर्नैपर्छ ।" लगानी नगरी प्रतिफल प्राप्त नहुने बताउँदै उनले विदेशमा कमाएको रकम व्यवसायमा लगानी गर्नु आवश्यक रहेको धारणा राखे । हाल खनालको मम तथा लज व्यवसायमा उनको परिवारका ४ जनासहित स्थानीय क्षेत्रका ४ जना युवाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

"मैले एक करोड रुपैयाँ लगानी गर्दा घरपरिवारसँगै छिमेकीलाई समेत काम पुगेको छ," उनले भने-"काम भए कमाइ हुन्छ, कमाइ भए खर्च चल्छ ।" विदेशमा रहँदा मानिसहरूको व्यवसायप्रतिको आकर्षण र लगानी गर्ने संस्कारबाट आफू प्रभावित भएको बताउँदै खनालले गाउँमै केही गर्ने उद्देश्यले व्यवसाय सुरु गरेको बताए । गाउँमै व्यवसाय सञ्चालन गर्दा पुर्खाले जोडेको सम्पत्तिको सदुपयोग हुने, स्थानीयस्तरमै रोजगारी सिर्जना हुने, बसाइँसराइ कम गर्न सहयोग पुग्ने तथा स्थानीय उत्पादनको समेत उपयोग हुने उनको विश्वास छ ।

खनालले सञ्चालनमा ल्याएको अड्गुरी मम सेन्टर तथा लजको आइतबार प्रतिनिधिसभा सदस्य हरिप्रसाद भुसालले उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा बोल्दै सांसद भुसालले व्यवसायमा सफलता प्राप्त गर्न निरन्तरता र धैर्यता आवश्यक हुने बताए । छोटो समयमा धेरै लाभ लिन खोज्ने प्रवृत्ति त्यागेर निरन्तर आफ्नो कर्ममा लाग्न सके सफलता हासिल गर्न सकिने उनको भनाइ थियो । "हामी छोटो समयमा धेरै लाभ लिन सोचिहाल्छौँ," उनले भने-"तर व्यवसायबाट आम्दानी लिन केही समय धैर्य गर्न सक्नुपर्छ । निरन्तर आफ्नो कर्ममा जुट्ने हो भने सफलता अवश्य पाइन्छ ।" व्यवसायी इन्द्र बि. खनालको अनुभवबाट अन्य युवाले पनि पाठ सिक्नुपर्ने उल्लेख गर्दै उनले उद्यममा जोडिन चाहनेहरूले सम्बन्धित क्षेत्रमा आवश्यक ज्ञान र सीप हासिल गर्नुपर्नेमा जोड दिए । कुनै पनि व्यवसाय सञ्चालन गर्न न्यूनतम सीप आवश्यक पर्ने भन्दै सांसद भुसालले राज्यका विभिन्न तहले उद्यममा जोडिन चाहने व्यक्तिका लागि आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने बताए । व्यवसायीका हकहित र समस्या समाधानका लागि राज्य गम्भीर हुनुपर्ने उनको भनाइ थियो । कार्यक्रममा जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले इन्द्र बि. खनाल व्यवसायी मात्र नभई एक अभियन्तासमेत भएको बताए ।

खनालबाट जिल्लाका अन्य युवाले पनि प्रेरणा लिएर विदेशमा मात्रै सम्भावना खोज्नुभन्दा स्वदेशमै लगानी गरी रोजगारी र आत्मनिर्भरताको बाटो रोज्नुपर्ने उनले जनाए । छोटो समयमै खनाल अर्घाखाँची जिल्लाकै उत्कृष्ट व्यवसायीका रूपमा सम्मानित भइसकेको उल्लेख गर्दै कोइरालाले उनको व्यवसायिक यात्राले अन्य युवालाई समेत प्रेरणा दिने विश्वास व्यक्त गरे ।

त्यस्तै, पाणिनि गाउँपालिका-७ का वडा अध्यक्ष गुनाखर अधिकारीले खनालले सञ्चालनमा ल्याएको व्यवसायबाट स्थानीयले रोजगारी पाउनुका साथै स्थानीय उत्पादनको सदुपयोग, आत्मनिर्भरता र पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने बताए । खनालले उत्पादन गर्ने मम अहिले लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा पुग्ने गरेको छ । गुणस्तरीय उत्पादन र निरन्तर व्यवसाय विस्तारका कारण उहाँको व्यवसायले छोटो समयमै राम्रो पहिचान बनाउन सफल भएको स्थानीयको भनाइ छ ।

१६ वर्षसम्म विदेशमा बिताएको अनुभवलाई स्वदेशमै उपयोग गर्दै गाउँमा एक करोड रुपैयाँ लगानी गरी व्यवसाय विस्तार गरेका खनालले अहिले आफ्नो परिवारको आर्थिक आधार मजबुत बनाउनुका साथै स्थानीय युवाका लागि समेत रोजगारी सिर्जना गरेका छन् ।

# स्याङ्जाका कृषकलाई साढे दुई करोड



**प्रकाश डोटेल**

*स्याङ्जा*

जिल्लाका कृषकले आर्थिक वर्ष २०८३/८४ मा साढे दुई करोड रुपैयाँ भन्दा बढी अनुदान पाउने भएका छन् । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाले उद्यमशीलता विकास, सुन्तला, कफी, आँप-लिची, गाई-भैंसी, अदुवा-बेसार र चैते धान प्रवर्द्धनमा कृषकलाई दुई करोड ५४ लाख ६ हजार अनुदान दिने भएको हो ।

चालु आर्थिक वर्षमा कार्यक्रम एकाइले युवा लक्षित कृषि उद्यमशीलता विकास शीर्षकमा सबैभन्दा बढी एक करोड रुपैयाँ अनुदान दिने भएको छ । सुन्तला सुपरजोनका सुन्तला उत्पादक कृषकलाई ९८ लाख चार हजार रुपैयाँ अनुदान दिने कार्यक्रमले कफी सुपरजोनभित्रका कृषकलाई १३ लाख ३४ हजार रुपैयाँ अनुदान दिने जनाएको छ ।

त्यस्तै आँप-लिची जोन लागू भएका क्षेत्रभित्रका कृषकलाई १३ लाख चार हजार रुपैयाँ अनुदान दिने जनाएको कार्यक्रमले संस्थागत कृषक समूहमा आवद्ध कृषकलाई १२ लाख रुपैयाँ अनुदान दिने भएको छ । गाई-भैंसी जोनमा जोडिएका कृषकलाई ११ लाख रुपैयाँ अनुदान दिने कार्यक्रमबाट अदुवा-बेसार र चैते धान प्रवर्द्धनमा ६ लाख ४६ हजार रुपैयाँ अनुदान दिन लागिएको कार्यक्रम स्याङ्जाका प्रमुख अजय अधिकारीले जानकारी दिए ।

युवा लक्षित कृषि उद्यमशीलता विकासमा छनोट हुने २५ जना युवा उद्यमीलाई चार लाखको दरमा एक करोड नगद अनुदान दिइने कार्यक्रमले जनाएको छ । सुन्तला, कफी, आँप-लिची, गाई-भैंसी, अदुवा-बेसार र चैते धान उत्पादक कृषकको क्षमता अभिवृद्धि, साना सिँचाइ पूर्वाधार विकास, मर्मत सम्भार, बगैंचा सुदृढिकरण, बाली संरक्षण, कृषि यान्त्रीकरण, मेशिनरी उपकरण, नर्सरी श्रोत केन्द्र स्थापना, क्षति न्यूनीकरण, किरा नियन्त्रण, क्षेत्र विस्तार लगाएतका शीर्षकमा एक करोड ५४ लाख ६ हजार अनुदान दिने व्यवस्था गरिएको कार्यक्रमले जनाएको छ ।

कार्यक्रमबाट सुन्तला, कफी, आँप-लिची, गाई-भैंसी, अदुवा-बेसार र चैते धान उत्पादन गर्ने ५८ सहकारी, ९० समूह, २८५ कृषि उद्यमी, चार कम्पनी र दुई प्राविधिक शिक्षालय लाभान्वित हुने छन् । कार्यक्रमले दिने अनुदानबाट कृषकको क्षमता बढ्ने, कृषिजन्य वस्तको उत्पादन र उत्पादकत्वमा वृद्धि आउने कार्यक्रमका कृषि प्राविधिक इन्द्रप्रसाद सुवेदीले जनाए ।

उनका अनुसार जिल्लामा सुन्तला सुपरजोन क्षेत्रभित्र दुई हजार ४५० हेक्टर क्षेत्रफलमा सुन्तला गरिन्छ भने गाई-भैंसी जोनअन्तर्गत १८ हजार ३१ गाई-भैंसी पालन गरिंदै आएको छ । कार्यक्रमको तथ्यांकअनुसार ३४० हेक्टरमा आँप-लिची, २४५ हेक्टरमा मसलाबालीमा अदुवा-बेसार र ११० हेक्टर क्षेत्रफलमा कफी खेती गरिन्छ । अन्य खेतीको तुलनामा सुन्तला खेतीबाट वर्षेनी लाखौं रुपैयाँ आम्दानी लिने कृषकको संख्या दिनप्रतिदिन बढ्दै गएको कार्यक्रमले जनाएको छ ।

# निजी अस्पतालको नवीकरण अवधि पाँच वर्ष बनाउन माग



बुटवल । लुम्बिनी प्रदेशका निजी अस्पताल सञ्चालकहरूले अस्पताल नवीकरणको वर्तमान व्यवस्थालाई व्यवहारिक बनाउन माग गरेका छन् । उनीहरूले अन्य प्रदेशमा जस्तै अस्पताल नवीकरणको अवधि बढाएर अनावश्यक झन्झटबाट मुक्त गराउन सरकारसँग आग्रह गरेका हुन् ।

बुटवलमा लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री दीपेन्द्र पुनसँग भएको भेटमा निजी अस्पताल सञ्चालकहरूले अस्पताल नवीकरणको अवधि हालको तीन वर्षबाट बढाएर पाँच वर्ष कायम गर्नुपर्ने माग राखेका छन् । नियमनकारी निकायले आवश्यकताअनुसार जुनसुकै समयमा अनुगमन गर्न सक्ने भएकाले नवीकरणको अवधि बढाउन उपयुक्त हुने उनीहरूको तर्क छ ।

निजी अस्पताल सञ्चालकहरूले नवनियुक्त स्वास्थ्य मन्त्री पुनलाई कार्यकालको शुभकामना दिँदै निजी स्वास्थ्य क्षेत्रसँग समन्वय गरेर देखिने गरी सुधारका काम अघि बढाउन आग्रह गरेका छन् ।

उनीहरूले निजी क्षेत्रका स्वास्थ्यकर्मी तथा जनशक्तिका लागि तालिमको व्यवस्था गर्नुपर्ने, अस्पतालजन्य फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन सरकारले सहजीकरण गर्नुपर्नेलगायतका विषयमा समेत ध्यानाकर्षण गराएका छन् ।

भेटका क्रममा निजी अस्पतालहरूको संस्था अफिन लुम्बिनीका अध्यक्ष भीमप्रसाद तुलाचनले स्वास्थ्य मन्त्री पुनको कार्यकाल सफलताको शुभकामना दिँदै सरकारले निजी क्षेत्रलाई समेत सँगसँगै लिएर अघि बढेमा स्वास्थ्य क्षेत्रमा सकारात्मक परिणाम हासिल गर्न सकिने बताए ।

तुलाचनले विद्यमान कानुनमा रहेका केही अव्यावहारिक प्रावधान संशोधन गरी निजी अस्पताललाई सहजीकरण गर्नुपर्नेमा जोड दिए । निजी क्षेत्र सरकारको प्रतिस्पर्धी नभई सहयोगीका रूपमा काम गर्न तयार रहेको उनको भनाइ थियो ।

कार्यक्रममा अफिनका निवर्तमान अध्यक्ष रामप्रसाद खरेल, केन्द्रीय सदस्य अर्जुन पौडेल तथा अस्पताल सञ्चालकहरू बाबुराम भट्टराई, गोविन्द खनाल, चिरञ्जीवी जोशी, लोकनाथ भुसाल, वीरु भण्डारी, बसन्त जिसी, सरस्वती पन्थी, रमेश सिटौलालगायतले धारणा राखेका थिए ।

सो अवसरमा स्वास्थ्य मन्त्री पुनले आफू पदमा रहँदासम्म सबै पक्षसँग समन्वय गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै निजी स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकता दिने बताए ।

राज्यले गर्न नसकेका कतिपय काम निजी क्षेत्रले गरिरहेको उल्लेख गर्दै मन्त्री पुनले निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने जनाए । कानुनी तथा व्यवहारिक जटिलता देखिएमा आवश्यक अध्ययन गरी समाधानका लागि पहल गर्ने उनको भनाइ थियो ।

मन्त्री पुनले स्वास्थ्य क्षेत्रको सुधारका लागि आफूले जिल्लाजिल्लाबाट सुझाव संकलन तथा अध्ययनको कामसमेत अघि बढाइरहेको जानकारी दिए ।

# चार लाखले लिए स्वास्थ्य सेवा




त्रिवेणी । रुकुम-पश्चिममा गत आर्थिक वर्ष २०८२/८३ मा चार लाख ३०४ जनाले स्वास्थ्य सेवा लिएका छन् । स्वास्थ्य सेवा कार्यालय रुकुमसहित पालिकामा रहेका पालिका अस्पतालबाट उक्त संख्यामा सेवाग्राहीले सेवा लिएका हुन् ।

स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमले सार्वजनिक गरेको तीन वर्षको तथ्याङ्कअनुसार जिल्लामा स्वास्थ्य सेवा लिनेको संख्या पछिल्लो वर्ष केही घटेको देखाएको छ । आर्थिक वर्ष २०८०/८१ मा चार लाख ३९ हजार २५८ जनाले स्वास्थ्य सेवा लिएकामा आर्थिक वर्ष २०८१/८२ मा चार लाख ४३ हजार ५९८ जनाले स्वास्थ्य सेवा लिएका थिए । आर्थिक वर्ष २०८२/८३ मा चार लाख ३०४ जनाले स्वास्थ्य सेवा लिएका स्वास्थ्य सेवा कार्यालयका जनस्वास्थ्य अधिकृत हरिबहादुर पुनले जानकारी दिए ।

उनका अनुसार गत आर्थिक वर्षमा चौरजहारी नगरपालिकामा सबैभन्दा बढी एक लाख २१ हजार ४९४ जनाले स्वास्थ्य सेवा लिएका छन् भने मुसिकोट नगरपालिकामा एक लाख चार हजार ५९० जनाले सेवा लिएका छन् । त्यस्तै आठबिसकोट नगरपालिकामा ७२ हजार ३७०, सानीभेरी गाउँपालिकामा ३५ हजार ५६२, बाँफिकोट गाउँपालिकामा ३३ हजार २०३ र त्रिवेणी गाउँपालिकामा सबैभन्दा कम ३३ हजार ८५ जनाले स्वास्थ्य सेवा लिएका जनस्वास्थ्य अधिकृत पुनले जानकारी दिए । आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी नागरिकले स्वास्थ्य सेवा लिएका थिए । तीन आर्थिक वर्षकै अवधिमा स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहबाट संचालनमा रहेका अस्पतालबाट १२ लाख ८३ हजार १६० जनाले सेवा लिएका छन् ।

स्वास्थ्य सेवा कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा स्वास्थ्य सेवा उपयोगको अवस्था स्थानीय तहअनुसार फरक फरक रहेको छ । सबै स्थानीय तहमा प्रविधि र विशेषज्ञको अभावमा सेवा सेवा प्रवाह नहुँदा समस्या हुने गरेको स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमले जनाएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com